१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७५ (१२-वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रु.४०.०० करोड (चालीस करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक ब्याजदर :- ६.०० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भूक्तानी हूने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हूने अवधि :- २०६३ पौष १६ गतेदेखि पौष २३ गतेसम्म ।
(ङ) निष्कासन हूने मिति :- २०६३ पौष २५ गते ।
(च) साँवा भूक्तानी हूने मिति :- २०७५ पौष २५ गते ।
(छ) खरिद गर्न सकिने रकम :- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हूने रकम (प्रतिव्यक्ति बढीमा दश लाख रुपैयाँसम्म) ।
(ज) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मुल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. बचतपत्रको ब्याज हरेक ६/६ महिनामा आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरु एवं बजार निर्माताहरु (बजार निर्माताहरुको सुची नेपाल राष्ट्र बैंकको वेबसाइट http:// www .nrb.org.np मा उपलब्ध छ) बाट लिन सकिनेछ । साथै, साँवाको भूक्तानी समेत यी संस्थाहरुबाट हूने छ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता समक्ष रकम बूझाएकै मितिदेखि २०६३ पौष २४ गतेसम्मको खण्डित अवधिमा उपरोक्त ब्याजदरले हून आउने ब्याज रकम समेत भूक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन पाइनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नू पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बूझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो १ थान दरखास्त फाराममा र प्रति थान बचतपत्रमा १ थानका दरले पेश गर्नू पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकता तथा नाबालकको नाम समेत उल्लेख भएको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपिहरु पेश गर्नू पर्नेछ ।

६. रीतपुर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हून आएको रकम बिना ब्याज ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. बचतपत्र खरिद गर्न काठमाडौं उपत्यकामा यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरु तथा उपत्यका बाहिर नेपाल राष्ट्र बैंक, बाणिज्य बैंकहरुका शाखा उपशाखाहरु, कृषि विकास बैंकका बैकिङ्ग कारोवार गर्ने कार्यालयहरु तथा बजार निर्माताहरु मार्फत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बूझाउने भौचर सम्बन्धित बैंक तथा बजार निर्माताहरुहरुबाट नि:शूल्क उपलब्ध हूनेछ ।

८. बचतपत्र बिक्री गर्न गराउन बाणिज्य बैंकहरु, कृषि विकास बैंक, यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरु र नेपाल राष्ट्र बैकका उपत्यका बाहिरका कार्यालयहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उपरोक्त म्यादभित्र बचतपत्र बिक्री गरी दैनिकरुपमा फ्याक्स (नं.४२५४१७०) वा छिटो साधनबाट पठाउनू हून र विवरण सहितको दरखास्त फारामहरु दैनिक रुपमा हूलाक वा छिटो साधनद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नू हून अनूरोध छ । कार्यविधि तथा दरखास्त फाराम यस बैंकको वेबसाइटबाट डाउनलोड समेत गर्न सकिनेछ ।

९. बिक्री खूला रहेको अवधि पुरा नहूँदै सबै रकम बिक्री भएमा उक्त अवधि समाप्त हूनू अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खूला रहेको अवधिभित्र सम्पुर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी बिक्री भएमा बचतपत्र बाँडफाँड सम्बन्धी निर्णय यस बैंकले गरे बमोजिम हूनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन ४२४१२७२, ४२२१७६३, ४२५७८८० वा ४२४८९००-९०४ एक्सटेन्सन १२३ मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नू हून तथा यस बैंकको वेबसाइट हेर्नू हून अनूरोध गरिन्छ ।